# *Atlanta* गोलीबारी बारेमा बयान

मार्च १७, २०२१

*अन्तरिम प्रमुख विविधता अधिकारी (Interim Chief Diversity Officer) Cheryl Gittens र विद्यार्थी मामिलाका उपकुलपति Lori Reesor निम्न बयान जारी गरे:*

हिजो बेलुकी हामीले *Georgia* मा भएको हिंसात्मक गोलीबारी बारेमा थाहा पायौं जसमा आठ व्यक्तिको हत्या भयो, जसमध्ये छ जना एशियाली मूलका थिए, र जीवनको दुखद क्षतिको कारण फेरि निराश भएका छौं। शोक गर्ने क्रममा, हामी हाम्रो एशियाली र एशियाली, प्रशान्त टापुका र देसी मूलका अमेरिकी (*APIDA*) समुदायका सदस्यहरूप्रतिको पक्षपात र घृणा बुझेका छौं।

एशियाली मूलका व्यक्तिहरू प्रतिको पक्षपातका अपराधहरू ज्यादै बढेका छन् र अनुसन्धानले यी अपराधहरू व्यापक रहेको सुझाव गर्दछ। यस्तो घृणा र डर यस देशमा एशियाली मूलका व्यक्तिहरू विरोधी हिंसाको एउटा लामो र भयानक इतिहाससँग जोडिएको छ जसको बारेमा धेरै अमेरिकीहरूलाई ज्ञान छैन। हामी हिजो रातीको आक्रमणको पीडितहरूको लागि शोक गर्दछौं र क्याम्पस समुदायलाई एशियाली र *APIDA* समुदायहरूसँग एकतामा उभिन आग्रह गर्दछौं।

हामी तपाईंलाई आफूलाई उचित लाग्ने तरिकाले समर्थन र समुदाय खोज्न हौसला दिन्छौं:

- *Dean of Students Office*, 608-263-5700
- *UHS Mental Health Services*, 608-265-5600 (option 9)
- *Employee Assistance Office*, 608-263-2987
- हाम्रो *APIDA* समुदायलाई समर्थन गर्ने संसाधनहरू

यदि तपाईं वा तपाईंले चिन्नुहुने कसैलाई घृणा वा पक्षपातको घटना अनुभव भयो भने, कृपया *Dean of Students Office* लाई पक्षपातको घटना रिपोर्ट फाइल गर्नुहोला।

कृपया छिट्टै प्रशोधन गर्ने ठाउँको अवसरहरूको लागि *Multicultural Student Center* र *APIDA Student Center* को सामाजिक सञ्जाल फलो गर्नुहोस्।

*DDEEA* ले *APIDA* समुदायको संकाय र कर्मचारीहरूका लागि मासिक आत्मीयता समूहको ठाउँ व्यवस्था गर्दछ र हामी समुदायसङ पहिचान गर्ने सबैलाई अप्रिल ८ मा दिउँसो २ बजे सामेल हुन स्वागत गर्दछौं। दर्ता गर्नको लागि: https://diversity.wisc.edu/affinity-group-gatherings